आज मिति २०८१ साल असार २१ गतेका दिन गाउँपालिकाका अध्यक्ष श्री अशोक कुमार कार्की ज्यूको अध्यक्षतामा गाउँ कार्यपालिकाको बैठक बसि तपसिल बमोजिमका प्रस्ताव उपर छलफल गरी निर्णय गरियो ।

**उपस्थिति**

| क्र.स. | पद | नाम थर | हस्ताक्षर |
|---|---|---|---|
| १ | अध्यक्ष | श्री अशोक कुमार कार्की | |
| २ | उपाध्यक्ष | श्री अस्मिता थापा | |
| ३ | वडाध्यक्ष, वडा नं. १ | श्री हिरा बहादुर कार्की | |
| ४ | वडाध्यक्ष, वडा नं. २ | श्री राम कुमार बुढाथोकि | |
| ५ | वडाध्यक्ष, वडा नं. ३ | श्री सोकर्ण श्रेष्ठ | |
| ६ | वडाध्यक्ष, वडा नं. ४ | श्री घनबहादुर कार्की | |
| ७ | वडाध्यक्ष, वडा नं. ५ | श्री मोहन कार्की | |
| ८ | वडाध्यक्ष, वडा नं. ६ | श्री टिका बहादुर क्याप्छाकी | |
| ९ | वडाध्यक्ष, वडा नं. ७ | श्री तारा बहादुर तामाङ | |
| १० | वडाध्यक्ष, वडा नं. ८ | श्री पुरुषोत्तम पौडेल | |
| ११ | वडाध्यक्ष, वडा नं. ९ | श्री केशवहरी ढुंगेल | |
| १२ | कार्यपालिका सदस्य | श्री ईला बहादुर मुदेल | |
| १३ | कार्यपालिका सदस्य | श्री पशुपति सुनुवार | |
| १४ | कार्यपालिका सदस्य | श्री कमला कार्की | |
| १५ | कार्यपालिका सदस्य | श्री रेणुका मगर | |
| १६ | कार्यपालिका सदस्य | श्री अम्बिका बिश्वकर्मा | |
| १७ | कार्यपालिका सदस्य | श्री गितादेवी बर्मे | |
| १८ | सदस्य सचिव | श्री अर्जुन कुमार राउत | |

सहायक कर्मचारीहरुः

श्री रसना मगर

श्री बलराम फुयल

श्री उमाशंकर चौधरी

श्री रवि कटुवाल

**प्रस्तावित विषयहरुः**

१. समिक्षा सम्बन्धमा।

२. आयोजना प्रतिवेदन अनुमोदन सम्बन्धमा।

३. करार कर्मचारी म्याद थप सम्बन्धमा।

४. विविध सम्बन्धमा।

**निर्णयहरुः**

**१. निर्णय नं. १, प्रस्ताव नं १, उपर निर्णय** :

प्रस्ताव नं. १ मा आवश्यक छलफल गर्दा लिखु गाउँपालिकाको विगतका कार्यपालिकाको वैठकका निर्णयहरु क्रमशः प्रभावकारी रुपमा कार्यान्वयन भइरहेको अवस्थामा यसलाई अझ थप प्रभावकारी बनाउन सरोकारवाला पक्षहरु बीचमा समन्वय र सहकार्य गरी कार्यान्वयन गर्ने निर्णय गरियो।

**२. निर्णय नं. २, प्रस्ताव नं. २, उपर निर्णय**

प्रस्ताव नं २ माथि आवश्यक छलफल गर्दा लिखु गाउँपालिकाको आ.व. २०८०/८१ को स्वीकृत बजेट तथा कार्यक्रम अनुसारको पुर्वाधार निर्माण सम्बन्धी कार्यपालिकामा पेश भएका आयोजनाहरुको अनुगमन प्रतिवेदनलाई कार्यपालिका बैठकद्धारा अनुमोदन गर्ने र निर्माण सम्पन्न हुन बाँकी आयोजनाहरुलाई तत्काल निर्माण सम्पन्न गरी दुई दिन भित्र कार्यालयमा प्रतिवेदन पेश गर्न निर्देशन दिने सर्वसम्मत निर्णय गरियो।

**३. निर्णय नं. ३, प्रस्ताव नं. ३, उपर निर्णय**

प्रस्ताव नं. ३ माथि आवश्यक छलफल गर्दा गाउँपालिका तथा अन्तर्गतका कार्यालयमा करार सेवामा कार्यरत कर्मचारीहरु मध्ये गाउँ कार्यपालिकाको कार्यालय तथा वडा कार्यालयमा कार्यालय सहयोगी तथा स्वीपर पदमा कार्यरत करार कर्मचारीको करार म्याद थप नगर्ने र अन्य करार कर्मचारीहरुलाई मिति २०८१ पुस मसान्तसम्म करार म्याद थप गर्ने तथा रिक्त पदहरुमा करार सेवामा पदपुर्तिको लागि प्रक्रिया अगाडि बढाउने सर्वसम्मत निर्णय गरियो।

**४. निर्णय नं. ४, प्रस्ताव नं. ४, उपर निर्णय,**

प्रस्ताव नं ४ माथि आवश्यक छलफल गर्दा लिखु गाउँपालिकाको विविध समसामयिक विषयहरुमा देहाय अनुसार सर्वसम्मत निर्णय गरियो।

क) लिखु गाउँपालिकाको स्वास्थ्य चौकी, यसममा अ.न.मी. पदमा कार्यरत श्री रमा ढुंगानाले मिति २०८१/०२/२३ गते दिनुभएको पदस्थापना सहितको सरुवा सहमति माग भए बमोजिमको सरुवा सहमति प्रदान गर्ने ।

ख) लिखु गाउँपालिकाको कार्यपालिकाको कार्यालयमा रिक्त रहेको आ.ले.प. पदमा साकेला गाउँपालिकामा कार्यरत आ.ले.प. श्री पेशल दाहाललाई पदस्थापन सहित लिखु गाउँपालिकामा सरुवा भई आउनको लागि सरुवा सहमति दिने

## ५. निर्णय नं. ५, प्रस्ताव नं. ५ उपर निर्णय

प्रस्ताव नं ५ माथि आवश्यक छलफल गर्दा लिखु गाउँपालिकाको कार्यपालिकाको आगामी बैठक आवश्यकता अनुसार बस्ने सर्वसम्मतबाट निर्णय गरियो ।